# म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**म्याङलुङ्ग, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

## खोलाजन्य तथा उत्खनन क्षेत्रबाट निकालिएको पदार्थको संकलन तथा विक्री कर असुलीको ठेक्का बन्दोबस्ती सम्बन्धि बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०७/२३**

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६४ (च) मा व्यवस्था भए बमोजिम यस म्याङलुङ्ग नगरपालिका,नगर कार्यपालिकाको कार्यालयले IEE प्रतिवेदनमा उल्लेखित नदि/खोला तथा उत्खनन क्षेत्रहरु वाट निर्धारित मापदण्ड बमोजिम नदि/खानी जन्य पदार्थ उत्खनन संकलन विक्री कर असुली गर्न तपसिल बमोजिमको परिमाणमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, प्यान/मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता संलग्न गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि (BOQ भरी) विधुतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**तपशिल :**

| क्र. सं. | ठेक्का नं. | विवरण | परिमाण | न्यूनतम ठेक्का अंक (मु. अ.कर बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | 01/MM/ Rajaswa/ 080/81 | खोलाजन्य तथा उत्खनन क्षेत्रबाट निकालिएको पदार्थको संकलन तथा विक्री कर असुली | १६६१५.०६ घ.मि | ३३,६९२८४.३७ | २,००,०००.०० | ३,०००.०० | २०८०/०८/०८ दिनको १२ बजे सम्म | २०८०/०८/०८ दिनको १२ बजे सम्म | २०८०/०८/०८ दिनको १ बजे |

**शर्तहरु :**

१. खरिद प्रक्रिया e-GP माध्यमबाट मात्र गरिने भएकाले सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाण्डौ (PPMO) को आधिकारिक Website: https://www.bolpatra.gov.np/egp बाट bid document हेर्न सकिनेछ र Submission का लागि बोलपत्र खरिद दस्तुर बापत रकम खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं र बोलपत्रको नाम खुलेको राजश्व दाखिला भौचर electronic bid file साथै पेश गर्नुपर्ने छ। बोलपत्र फारम दस्तुर रु. ३०००।०० (तीन हजार मात्र) म्याङलुङ्ग नगरपालिका, म्याङलुङ्ग बजारस्थित नेपाल बैंक लि. मा रहेको यस कार्यालयको आन्तरीक राजश्व खाता नं. ०५४०३०००००१००१००००००१ मा रकम जम्मा गर्न सकिनेछ ।

२. बोलपत्र फारम दिनको १:०० वजे यस कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा उल्लेखित मिति र समयमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न यस कार्यालयलाई कुनै वाधा पर्ने छैन ।

३. बोलपत्र पेश गर्दा उल्लेखित रकम बराबरको धरौटी वापतको रकम यस कार्यालयको म्याङलुङ्ग नगरपालिका, म्याङलुङ्ग स्थित नेपाल बैंक लि. मा रहेको धरौटी खाता नं. ०५४०३०००००३०००००००००१ मा नगदै जम्मा गरेको सक्कल भौचर वा पेश गर्ने अन्तिम मितिवाट १२० दिन मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकहरुले वा इजाजत प्राप्त बितिय संस्थाले जारी गरेको (सम्बन्धीत कार्यको नाम तथा ठेक्का नम्बर उल्लेख भएको) बैक ग्यारेण्टी संलग्न गरि पेश गनुपर्नेछ ।

४. बोलपत्रदाताले आफुले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि छाप लगाई पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र स्वीकृत भई सम्झौता गर्न आउने जानकारी पाएको १५(पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा कानून अनुसार हुनेछ ।

६. यस कार्यको ठेक्का अवधि सम्झौता मिति देखि २०८१ जेठ मसान्त सम्मको लागि मात्र रहनेछ ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा ठेक्का नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदि/खोला उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सोसँग सम्बन्धित अन्य प्रचलित नियम कानून तथा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयवाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९. यो सूचनामा उल्लेख भएको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ । यस कार्य सम्बन्धि कुनै कुरा संशोधन गर्नुपर्ने वा सच्याउनु पर्ने भएमा कार्यालयको वेबसाइट www.myanglungmun.gov.np , सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp वा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत